# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :

चलानी नं. :

## प्रेश विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) ले सञ्चालनमा ल्याउन लागेको पूर्ण स्वचालित अनलाईन कारोबार प्रणालीको परीक्षण सम्बन्धमा आम लगानीकर्ता, नियमक निकाय, सदस्य दलाल, सञ्चारकर्मी लगायत सरोकारवालालाई अवगत गराउने उद्देश्यले यो विज्ञप्ति जारी गरिएको छ ।

पूर्व निर्धारित तालिका अनुसार २०७५ साउन १ गतेबाट नेप्सेको विद्यमान कारोबार प्रणाली (Computerized Trading System, CTS) र नयाँ प्रणाली (NEPSE Online Trading System, NOTS) को परीक्षण समानान्तर रुपमा सञ्चालनमा आउने छन् । यसको आवश्यक तयारी सम्बन्धमा नेप्से, सदस्य दलाल, प्रणाली निर्माता कम्पनी, सदस्य दलालहरुलाई डाटा सेन्टर उपलब्ध गराउने कम्पनीहरुबीच निरन्तर समन्वय भइरहेको छ ।

साउन १ गतेवाट पूर्वाधार तयार गरेका सदस्य दलालले Cloud-based Hosting गर्दै Trade Management System (TMS) जडान गरी लगानीकर्तालाई समेत यसमा सहभागी गराउँदै लैजाने योजना छ । यस अनुरुप लगानीकर्ताले क्रमिक रुपमा आफूले कारोबार गर्दै आएका सदस्य दलालमार्फत Username र Password प्राप्त गर्नेछन् । Username र Password प्राप्त गर्नका लागि लगानीकर्ताले KYC अद्यावधिक गराउनुपर्नेछ । KYC अद्यावधिक गराउँदा खासगरी email address र मोबाइल नम्बर अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ । Username र Password मार्फत परीक्षण कारोबारमा लगानीकर्ताको पहुँच हुनेछ । स्मरणीय छ, यो परीक्षण कारोबार भएकाले उपलब्ध गराइएको Username र Password मार्फत लगानीकर्ताले हाल सदस्य दलालले Computerized Trading System मा प्रविष्ट गरेको आदेश र


पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।

P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.

Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538

email : info@nepalstock.com

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)


**पत्र संख्या :**
चलानी नं. :

Computerized Trading System मा Matching भएको आफ्नो कारोबारको विवरण मात्र हेर्न सक्ने छन् ।

नेप्सेको Fully Automated Online Trading System औपचारिक कार्यान्वयन गर्नुअघि User Acceptance Test (UAT) गर्नुपर्ने सन्दर्भमा उक्त कार्य गर्न तेस्रो पक्षलाई छनौट गरिएको छ । यस कम्पनीले Computerized Trading System तथा NEPSE Online Trading System को समानान्तर सञ्चालनकै क्रममा NEPSE को Bid Document मा उल्लेख गरिएको Technical Specification र System Requirements Specification (SRS) अनुसार प्रणाली विकास भए/नभएको लगायतका विषयको परीक्षण तथा चेकजाँचको कार्य गर्नुका साथै ISO Certification समेत प्रदान गर्नेछ । उक्त कम्पनीबाट NEPSE Online Trading System/ Trade Management System औपचारिक कारोबार सञ्चालनका लागि योग्य छ भन्ने सिफारिश प्राप्त भएपछि नियमक निकायको स्वीकृति लिई नेप्सेले Computerized Trading System लाई प्रतिस्थापित गर्दै NEPSE Online Trading System/ Trade Management System लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनेछ ।

यसबाट दोस्रो बजार कारोबारमा सर्वसाधारणको पहुँच क्रमिक रुपमा बढ्दै जाने र अनलाइन ट्रेडिङ सिस्टम नेपालको पुँजी बजारमा एउटा कोशेढुंगा साबित हुने विश्वास नेप्सेले लिएको छ । परीक्षण कारोबारका क्रममा सरोकारवालाहरु बाट प्राप्त हुने रायसुझावहरुलाई NEPSE Online Trading System मा यथासम्भव समेटिने छ ।

मिति : २०७५/०३/३२

मुराहरि पराजुली
प्रवक्ता


**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।**
**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**